कार्यपालिकाको १४ औं बैठक मितिः२०८०।०२।०४ वनगाड कुपिण्डे नगरपालिका सल्यान ।

वनगाड कुपिण्डे नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्यान

**प्रस्तावहरु :**

१.अघिल्लो कार्यपालिका वैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा ।
२.EBA II को आयमुलक कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आह्वान सम्बन्धमा ।
३.घरनक्सा अभिलेखिकरण सम्बन्धमा ।
४.अनुगमन गरि भुक्तानी भएका योजनाहरुको भुक्तानी फरफारक अनुमोदन र बाँकी योजनाहरुको भुक्तानी सम्बन्धमा ।
५.कर्मचारीहरुको करार स्याद थप सम्बन्धमा ।
६.वन समुहरुलाई नगरपालिकामा सुचिकृत गराउने सम्बन्धमा ।
७.भुक्तानि छुट भएका योजनाहरुको भुक्तानी सम्बन्धमा ।
८.क्यान्सर तथा पक्षघात विरामिलाई उपचार खर्च सेवा सम्बन्धमा ।
९. Wash Officer र गणकहरुको पारिश्रमिक भुक्तानी सम्वन्धमा ।
१० प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयार कार्यको लगि TOR स्विकृत सम्बन्धमा।
११.छाडा चौपाय व्यवस्थापन सम्बन्धमा ।
१२.विविध सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो बैठकमा निर्णय भए अनुसार २०८० बैशाख मसान्तभित्र ५०% को हाराहारीमा योजना फरफारकका लागि पेश भइसक्नुपर्ने भनि निर्णय भएतापनि सो अनुसार कार्यसम्पादन सन्तोषजनक नदेखिएको कुरालाई सबै पदाधिकारीले महशुश गर्दै २०८० को जेठ मसान्तसम्म वडा तथा नगरतर्फका सम्पुर्ण योजना फरफारकका लागि पेश गरिसक्नुपर्ने निर्णय गरियो साथै अन्य निर्णयहरुमा नगर शिक्षा समितिलाई पुर्णता दिने कार्य भएको, अनुगमन समिति गठन भई नियमित अनुगमन गरेको,ढुङ्गा गिट्टी बालुवा रसिद व्यवस्थापन गरि उठाउन थालिएको, मेयर कप प्रतियोगिता सन्तोषजनकरुपमा सम्पन्न गरिएको ,सल्लीबजार लिफ्ट खानेपानी योजनाको विवाद समाधान भएको लगायत निर्णय अनुसार विषयहरुको कार्यन्वयन सन्तोषजनक रहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा EBA II को समुदायको जिवनस्तर सुधार योजना अन्तर्गत मौरीपालन, बेसार खेती, च्याउ खेती,बेसार खेती,तरकारी खेती लगायतका कार्यक्रम संचालन गर्न कानुनबमोजिम दर्ता भएका सामुदायिक तथा कबुलियती वन समुह, कृषक समुह,महिला समुह तथा आमा समुहहरुलाई प्रस्ताव पेश गर्न ७ (सात) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सामाग्री नगरपालिकाले खरिद गरि छनोट भएका समुहलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकाभित्र निर्माण भएका घर तथा भवनहरुको कानुन बमोजिम अभिलेखिकरण कार्य अर्को निर्णय नहुदासम्म सूचारु गर्ने निर्णय गरियो ।

४. निर्णय नं ४ माथि छलफल गर्दा हालसम्म अनुगमन भई भुक्तानी भएका तपशिल अनुसारका विकास निर्माणका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | वडा नं |
|---|---|---|
| १ | गैरीकटेरी खेलकुद मैदान निर्माण | ७ |
| २ | बोझारी सिचाई कुलो निर्माण | ७ |
| ३ | टाट्के कुलो मर्मत | ६ |
| ४ | सिमा खानेपानी टयाङ्की निर्माण | ६ |
| ५ | घेरेली खानेपानी टयाङ्की घेरबार | ५ |
| ६ | भगवती आवि मर्मत | ५ |
| ७ | रतनखोला खानेपानी टयाङ्की निर्माण | ५ |
| ८ | साजगैरी सिचाई कुलो निर्माण | ३ |
| ९ | सिम्लीडाँडा अधेरीखोला सिचाई कुलो निर्माण | ३ |
| १० | कैनारुख सिचाई कुलो निर्माण | ११ |
| १२ | आमा समुह भवन पाँचारे शौचालय निर्माण | ११ |
| १३ | चिसापानी कुमाले सिचाई कुलो निर्माण | ११ |
| १४ | लहरेबोट टाउके सिचाई कुलो निर्माण | ११ |
| १५ | सिङ्गाउरे सिचाई कुलो निर्माण | ११ |
| १६ | धाराखोला कुवा निर्माण | ७ |
| १७ | बालज्योती प्रावि पर्खाल तथा फिल्ड निर्माण | ३ |
| १८ | धाइरामुल कुवा निर्माण | ११ |
| १९ | राना अम्रै खहरेखोला सिचाई कुलो निर्माण | ११ |
| २० | अपार अनुग्रह मन्डली हेले फिल्ड निर्माण | ६ |
| २१ | मानडाडा खानेपानी टयाङ्की निर्माण | ६ |
| २२ | नाथेखोला चौतारा निर्माण | ५ |
| २३ | घाटगाउँ सडक सल्याप निर्माण | १ |
| २४ | बुरेली सडक सुधार | १ |
| २५ | चौफारी बाहुनगाउँ गह्रा सुधार | ७ |
| २६ | बिकासी कुलो मर्मत योजना | ७ |

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २७ | पुरानागाउ घडेरी सिचाई कुलो निर्माण | ७ |
| २८ | ढारखेत सिचाई कुलो निर्माण | ७ |
| २९ | ठान्डारा आरुडाँडा बागचौर सडक निर्माण | ९ |
| ३० | बाघमारे सिचाई कुलो निर्माण | ७ |
| ३१ | अधेरीखोला भोटेगैरी सिडि निर्माण | १ |
| ३२ | पैतालिस सिचाईकुलो निर्माण | १ |
| ३३ | अमर सहिद गंगालाल प्रावि भवन मर्मत | १ |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिका भित्र करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०८० असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाभित्र रहेका सबै सामुदायिक बन समूहलाई नगरपालिकामा सूचिकृत गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस नगरपालिकासंग अघिल्ला आ व हरुमा सम्झौता भई कार्यान्वयन भएका तर भुक्तानी नभएका तपशिलका योजनाहरुको प्रकृया अनुसार भुक्तानी दिने निर्णय गरियो ।

१. जय नेपाल आधारभूत गर्चे भवन निर्माण
२. माझकाडा स्वास्थ्य चौकी खानेपानी योजना (स्वच्छतासंगको सहकार्यमा संचालित)

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा यस नगरपालिका भित्रका क्यान्सर तथा पक्षघात सम्बन्धित बिरामीहरुलाई मासिक ५०००। (पाँच हजार) प्रदान गर्ने नेपाल सरकारको नीति अनुसार यस नगरपालिकाको कडा प्रकृतीका रोग तथा प्राकृतिक प्रकोप विपदमामा परेका नागरिकहरुलाई आर्थिक सहयता शिर्षकबाट भुक्तानी दिने र सम्बन्धित निकायबाट माग गरी भुक्तानी शोधभर्ना गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा यस नगरपालिकाको Wash Plan तयार गर्नका लागि आवश्यक तथ्याङ्क संकलन तथा प्रशोधनका लागि कारार सेवामा भर्ना गरिएका Wash Officer र गणकहरुलाई सम्झौता अनुसारको पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

| क्र सं | नाम | पद | भुक्तानि गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | अमन कुमार रौनियार | वास अफिसर | ९९३७८ |
| २ | विरेन्द्र बुढाथोकी | गणक | ४२००० |

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | प्रेम बहादुर पुन | गणक | ४२००० |
| ३ | लक्ष्मण न्यौपाने | गणक | ४२००० |
| ४ | राजन बोहरा | गणक | २१००० |
| ५ | कमल वि क | गणक | ३६००० |
| ६ | पवित्रा बस्नेत | गणक | ३६००० |
| ७ | सविना सिंह ठकुरी | गणक | ३६००० |
| ८ | गिता कुमारी घर्ती | गणक | ३२४०० |
| ९ | नवराज के सी | गणक | २६४०० |
| १० | निम प्रशाद बुढा | गणक | २२८०० |
| ११ | विन्दु पुन मगर | गणक | |

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा तपशिल अनुसारका योजनाहरुको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयार पार्नुपर्ने भएकोले सो कार्यको लागि तयार गरिएको TOR स्विकृत गर्ने निर्णय गरियो ।

१. ढोरपिपल रजईखोला थापाचौर सडक

२. आँपचौर माझकाडा थापाचौर सडक

३. पाट्के कोइरालाघारी निमारे राइरा सडक

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा यस नगरपालिका भित्र छाडा रहेका पशुचौपाया व्यवस्थापनका लागी जग्गा प्रासीको प्रकृयामा रहेकोले यथाशिध्र छिटो पशुचौपाया व्यवस्थापन कार्य सुरुवात गर्ने निर्णय गरियो ।

उपर्युक्त निर्णयहरु सर्वसम्मत पारित गरियो ।

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत